༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཔཱ་ལི་ཀ།

# खुम्बु पासाङल्हामु गाउँपालिका

**Khumbu Pasanglhamu Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of the Rural Municipal Executive**

**कृषि विकास शाखा**

**Agriculture Development Section**

**चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल**

**Chaurikharka, Solukhumbu, Koshi Province, Nepal**

*(सूचना नं. ३३-२०८१/८२)*

# कृषि चुन वितरण कार्यक्रमको लागि आवेदन/प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना। ।

(दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/०६/१२)

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालु आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ७५ प्रतिशत अनुदनामा **कृषि चुन वितरण** कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८१।०६।१८ गते कार्यालय समय) भित्र यस कार्यालय वा सम्बन्धित वडा कार्यालयमा देहाय बमोजिमका कागजात सहित निवेदन पेस गर्नुहुन सबै (कृषक/कृषक समूह/कृषक उद्यमी/कृषि फार्म/कृषि कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेस गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा अर्को दिन मध्यान्ह १२:०० बजे सम्म मान्य हुनेछ। साथै रित नपुगेका वा म्याद नागी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारबाही नगरिने बेहोरा जानकारी गराईन्छ। **पुनश्चः यस अघि सोही कार्यक्रममा निवेदन पेश गर्नेको हकमा पुनः निवेदन दिनु पर्दैन।**

<u>प्रस्तावका साथ पेस गर्नु पर्ने कागजातहरु</u>

१. प्रस्तावको निवेदन।
२. नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपी।
३. फार्म तथा समूहको हकमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
४. समूहका हकमा अनुदान माग गर्न गरिएको समूहको निर्णयको प्रतिलिपी।
५. जग्गाको जग्गा धनी पूर्जा वा जग्गा भाडामा लिई खेती गर्नेको हकमा सो सम्बन्धित करार/संम्झौता पत्रको प्रतिलिपी।

*पुनश्चः कृषि चुन हरेक २-३ वर्षको अन्तरालमा प्रयोग गर्नुपर्ने हुँदा गत साल प्रयोग भइसकेको जग्गामा कृषि चुन प्रयोग गर्न नपर्ने समेत जानकारी गराईन्छ।*

थप जानकारीको लागिः यस कार्यालयको कृषि विकास शाखा वा ९७६२९९८६५५ मा सम्पर्क गर्न सकिनेछ। साथै प्रस्तावको निवेदनको नमुना फाराम यस कार्यालयको वेबसाइट https://khumbupasanglhamumun.gov.np, यस कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

अमृत अर्याल
बाली संरक्षण अधिकृत

<u>बोधार्थ</u>

१. श्री सूचना प्रविधि शाखा, वेबसाईट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन।
२. श्री वडा कार्यालय (सबै), सूचना प्रेषित तथा वडा कार्यालयमा आएका निवेदन संकलन गरिदिनु हुन।